**सुनापति गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः (क) रामेछाप,वागमती प्रदेश  नेपाल, संख्या १
मितिः २०७८/०६/०५

## भाग-३

# सुनापति गाउँपालिकाको कार्यालय

**हिलेदेवी, रामेछाप ।**

**वागमती प्रदेश**

**सुनापति गाउँकार्यपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्बत २०७७ सालको ऐन/नियमावली/कार्यविधी/निर्देशिका नं. ४**

# सुनापति गाउँपालिका एकल पुरुष सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी बनेको कार्यविधि, २०७८

**प्रस्तावना**

सुनापति गाउँपालिका अन्तर्गत रहेका एकल पुरुष सामाजिक सुरक्षा, नागरिकको सामाजिक सुरक्षा र लैङ्गिक समानता सुनिश्चित गर्ने उद्देश्यले सुनापति गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सुनपाति गाउँकार्यपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "सुनापति गाउँपालिका एकल पुरुष सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकले पारित गरि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "एकल पुरुष"भन्नाले आफ्नो पत्निको मृत्यु पश्चात अर्को विवाह नगरी बसेका पुरुषलाई सम्झनु पर्नेछ ।

(ख) "गाउँपालिका" भन्नाले सुनापति गाउँपालिका सम्झनु पर्नेछ ।

(ग) "कार्यालय" भन्नाले सुनापति गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(घ) "वडा कार्यालय" भन्नाले सुनापति गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयलाई सम्झनु पर्नेछ ।

(ङ) "उपाध्यक्ष"भन्नाले सुनापति गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्नेछ ।

(च) "भत्ता" भन्नाले दफा ३ बमोजिमको रकम सम्झनु पर्नेछ ।

**३. एकल पुरुष सामाजिक सुरक्षा भत्ता पाउने :** (१) देहाय बमोजिमका नागरिकले मात्र एकल पुरुष भत्ता पाउन योग्य हुनेछ :

(क) नोपाली नागरिक,

(ख) सुनापति गाउँपालिका क्षेत्र भित्र स्थायीबसोबास गर्ने,

(ग) पत्निको मृत्यु भई अर्को विवाह नगरेको,

(घ) एकल पुरुषको उमेर ५० (पचास) वर्ष पुरा भएको हुनुपर्ने ।

(ङ) अविवाहित पुरुषको उमेर ६० (साठी) वर्ष पुरा भएको हुनुपर्ने ।

**४. एकल पुरुष सामाजिक सुरक्षा भत्ता नपाउने :**दफा (३) बमोजिम योग्यता पुगेका भएता पनि देहाय बमोजिमको नागरिकले यस कार्यविधि बमोजिमको एकल पुरुष सामाजिक सुरक्षा भत्ता पाउने छैन :

(क) कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्त, निर्वाचित, मनोनित भएका नागरिक,

(ख) सरकारी कोषबाट निवृत्तिभरण पाइरहेका नागरिक,

(ग) प्रचलित कानून बमोजिम अन्य सामाजिक सुरक्षा भत्ता लिई रहेका नागरिक वा लिने नागरिक,

**५. भत्ता रकम र वितरण :** (१) एकल पुरुषले मासिक १०००।-(एक हजार) का दरले भत्ता पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको भत्ता सम्बन्धित वडा कार्यालयबाट भत्ता वितरण गर्ने अधिकारीले अन्य सामाजिक सुरक्षा भत्ता वितरण गर्ने समयमा वितरण गरिनेछ ।

**६. निवेदन दिनु पर्ने :** (१) दफा (३) बमोजिमको भत्ता पाउने नागरिकले सम्बन्धित वडा कार्यालयमा अनुसूची -१ बमोजिमको निवेदन दिन ुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन साथ देहायको कागजात निवेदकले प्रमाणित गरी संलग्न गर्नुपर्नेछ ।

(क) नागरिकता प्रमाण- पत्र प्रतिलिपि

(ख) पत्निको मृत्यु दर्ता प्रमाण-पत्रको प्रतिलिपि

(ग) अवविाहित रहेको सम्वन्धित वडाको सिफारिस

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा वडा कार्यालयले पन्ध्र दिन भित्र आवश्यक कारबाही गरी निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कारबाही गर्दा एकल पुरुष सामाजिक सुरक्षा भत्ता नपाउने देखिएमा कारण खुलाई सोको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको कारबाही गर्दा एकल पुरुष सामाजिक सुरक्षा भत्ता पाउने देखिएमा वडा कार्यालयले गाउँपालिकामा सिफारिस गरि पठाउनु पर्नेछ ।

**७. परिचय-पत्र :** (१) यस कार्यविधि बमोजिम एकल पुरुष सामाजिक सुरक्षा भत्ता पाउने नागरिकलाई सुनापति गाउँपालिकाले अनुसूची- २ बमोजिम परिचय पत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिचय पत्र नलिएका नागरिकले एकल पुरुष सामाजिक सुरक्षा भत्ता पाउने छैन ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको परिचय-पत्र हराए वा प्रयोग गर्न नमिल्ने भएमा रु. १००।- (एक सय) प्रतिलिपि दस्तुर संलग्न गरी कार्यालयमा अनुसूची-३ बमोजिमको निवेदनदई प्रतिलिपि लिन सकिनेछ ।

**८. अभिलेख राख्नु पर्ने :** (१) सुनापति गाउँपालिकाले यस कार्यविधि बमोजिम एकल पुरुष सामाजिक सुरक्षा भत्ता पाउने नागरिकको विवरण र वितरण गरिएको एकल पुरुष सामाजिक सुरक्षा भत्ताको अभिलेख अनुसूची-४ बामोजिम राख्नु पर्नेछ ।

(२) वडा कार्यालयले दफा ६ बमोजिम परेको निवेदनको अभिलेख अनुसूची-५ बमोजिम राख्नु पर्नेछ ।

**९. अभिलेखबाट नाम हटाउने :** (१) गाउँपालिकाले देहायको अवस्थामा एकल पुरुष सामाजिक सुरक्षा भत्ता पाउने नागरिकको नाम आभिलेखबाट हटाउनेछ :

(क) एकल परुषले विवाह गरेमा,

(ख) बसाई सरी अन्यत्र गएमा,

(ग) प्रचलित कानून बमोजिम अन्य सुरक्षा भत्ता लिएमा,

(घ) मृत्यु भएमा ।

**१०. कसुर र सजाय :** (१) कसैले देहायको कार्य गरेमा यस कार्यविधि बमोजिम कसुर गरेको मानिनेछ :

(क) विवरण ढाँटी एकल पुरुष सामाजिक सुरक्षा भत्ता लिएमा,

(२) कसैले उपदफा (१) को खण्ड (क) बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्तिले लिएको रकम असुल गरी निजलाई बिगो बराबरको जरिवाना हुनेछ ।

**११. अनुगमन सम्बन्धी व्यवस्था :** (१) एकल पुरुष सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको अभिलेख व्यवस्थापन तथा भत्ता वितरणको अनुगमन उपाध्यक्ष वा निजले तोकेको गाउँपालिकामा कुनै सदस्य वा कर्मचारीले गर्नेछ ।

**१२. प्रतिवेदन दिनु पर्ने :** (१) एकल पुरुष सामाजिक सुरक्षा भत्ता वितरण गरेको विवरण वडा कार्यालयले चौमासिक रुपमा गाउँपालिकालाई दिनु पर्नेछ ।

**१३. संशोधन :** (१) गाउँकार्यपालिका बैठकको निर्णयले यस कार्यविधि संशोधन गर्न सकिनेछ ।

**१४. बाधा अड्काउ फुकाउने :** (१) यस कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा परेमा गाउँकार्यपालिकाले आवश्यक निणय गरी त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

**१५. बचाउ :** (१) यस कार्यविधि लागु हुनु भन्दा अगावै कुनै निवेदन सम्बन्धित वडा कार्यालयमा परिसकेको भए यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसूची - १

(दफा ६ को उपदफा १सँग सम्बन्धित)

नामदर्ताको लागि दिने निवेदनको ढाँचा

मितिः ...............................

श्रीमान् अध्यक्षज्यू,
..... नं. वडा कार्यालय,
सुनापतिगाउँपालिका, रामेछाप

विषय : नामदर्ता गर्ने सम्बन्धमा ।

म निवेदक सुनापति गाउँपालिका एकलपुरुष सामाजिक सुरक्षाभत्ता वितरण सम्बन्धी कार्यविधि, २०७८ को दफा ३ बमोजिम भत्ता पाउनका लागि योग्यभएको नयाँ नामदर्ता गरी दिनु हुन देहायको विवरण सहित यो निवेदन पेश गरेको छु ।

व्यक्तिगतविवरण

नाम, थर : ................................................

बाबु/आमाको नाम र थर : ................................................

जन्ममिति (वि.सं.) : ................................................

स्थायी ठेगाना : जिल्ल : रामेछाप, गााउँपालिका : सुनापति,

वडा नं..................., टोल/गाउँ ..........................

ना.प्र.प. नं. ......................... जारी मितिः ...........................

पत्नीको मृत्यु भएको मितिः ..................... मृत्यु दर्ता नं. ..............

मृत्यु दर्ता जारी गर्ने निकाय : .............................................

फोटो

संलग्नकागजात :

१. निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि
२. पत्नीको मृत्यु दर्ताको प्रमाणित प्रतिलिपि
३. फोटो २ प्रति

(मैले राज्यकोषबाट कुनै पारिश्रमिक, निवृत्तिभरण, सामाजिक सुरक्षाभत्ता वा यस्तै प्रकारका अन्य सुविधा पाएको छैन । उल्लिखितव्यहोरा ठीक, साँचो हो, झुट्टा ठहरे कानुनबमोजिम सहुँलाबुझाउला ।)

निवेदक

(हस्ताक्षर)

**सम्बन्धित वडा कार्यालयले भर्ने** :

दर्ता नं..................... निवेदन रुजु गर्नेको नाम, थर र पद : ................................................

दर्तामिति : ...................................... सहिः ............................................

**गाउँकार्यपालिकाको कार्यालयले भर्ने :**

नामदर्ता गर्ने निर्णय मिति : .............................. विवरण भर्नेको नाम, थर र पद : ...................................

परिचयपत्र नं. : ........................... सहि : ................................

भत्तापाउन सुरु आ.व. : ...................... कार्यालयको छाप :

अनुसूची - २
(दफा७को उपदफा १सँग सम्बन्धित)
परिचयपत्रको नमुना

स्थानीय सरकार
सुनापति गाउँपालिका
**गाउँकार्यपालिकाको कार्यालय**
हिलेदेवी, रामेछाप
बागमतीप्रदेश

**एकलपुरुष सामाजिक सुरक्षा परिचय - पत्र**

परिचय-पत्र नं...............

नाम, थर : ....................................

नागरिकता प्रमाण-पत्र नं. ....................................

ठेगाना : जिल्ला: रामेछाप   गाउँपालिका : सुनापति

वडा नं. ....................., टोल/गाउँ : ............

जन्ममिति (वि.सं.) : .......................

बाबुको नाम, थर : .............................................

फोटो

प्रमाणितगर्ने अधिकारी

दस्तखत:

नाम, थर:

पद :

अनुसूची -३

(दफा७को उपदफा ३ सँग सम्बन्धित)

प्रतिलिपि पाउ भनि दिने निवेदनको ढाँचा

मिति :..........................

श्रीमान् कार्यालय प्रमुखज्यू,

सुनापति गाउँकार्यपालिकाको कार्यालय,

हिलेदेवी, रामेछाप ।

विषय : प्रतिलिपि पाउ भन्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा म निवेदकको एकलपुरुष सामाजिक सुरक्षाभत्ता परिचय-पत्र नं. .......... को परिचय-पत्र (हराएको/प्रयोग गर्न नमिल्ने भएको) हुनाले एकलपुरुष सामाजिक सुरक्षाभत्ता वितरण सम्बन्धी कार्यविधिको दफा ७ को उपदफा (३) बमोजिम प्रतिलिपि दस्तुर निवेदन साथै राखी परिचय-पत्रको प्रतिलिपि पाउ भनि सादर अनुरोध गर्दछु ।

संलग्नकागजात :

( ) १. नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि
( ) २. एकल पुरुषको परिचय-पत्रको प्रमाणित प्रतिलिपि
( ) ३. फोटो १ प्रति
(संलग्न गरिएको कागजातमा √लगाउने)

निवेदक
नाम, थर :
पुरा ठेगाना :
सम्पर्क नं. :
हस्ताक्षर :

अनुसूची -४

(दफा ८ को उपदफा १सँग सम्बन्धित)

एकलपुरुष सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरुको मूल अभिलेख

गाउँपालिका : सुनापति आर्थिक वर्ष : ................. किस्ता : .......................

| सि.नं. | परिचयपत्र नं. | नाम | जन्ममिति (वि.सं.) | उमेर | वडा नं. | नागरिकता नं. | मासिकभत्ता | जम्मापाउने | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

अनुसूची- ५

(दफा ८ को उपदफा २ सँग सम्बन्धित)

एकल पुरुष सामाजिक सुरक्षाभत्ता सम्बन्धी निवेदनको अभिलेख

गाउँपालिका : सुनापति वडा नं. ………………… आर्थिक वर्ष :……………………

| सि.नं. | निवेदन नं. | निवेदकको नाम | निवेदनदर्ता भएको मिति | उमेर | जन्ममिति (वि.सं.) | नागरिकता नं. र जारी भएको मिति | निवेदनउपर भएको कारवाही | निवेदनउपर भएको कारवाही मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

आज्ञाले,
कमल राजश्रेष्ठ
प्रमुखप्रशासकीयअधिकृत